RASUWAGADHI
HYDROPOWER CO. LTD.
रसुवागढी हाइड्रोपावर कं.लि.
2011 A.D.

**P.L. Regd. No.: 1303/068/069**
Chilime Tower (3rd Floor), Dhumbarahi, Kathmandu
Phone: 0977-01-4371744, 4371794
Email: info@rghpcl.com.np
Web: www.rghpcl.com.np

प.च.नं. २०८३/०८४/कं.स./.०६

मिति : २०८३/०५/२९

**श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।**
**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, युएनआइ शान्तिमार्ग, भद्रकाली, काठमाडौ ।**
**श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाडौं ।**
**श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।**

**बिषयः बाढीका कारण कम्पनीका संचालक सहित आयोजना/जलविद्युत केन्दमा कार्यरत अधिकांश कर्मचारीहरुको अवस्था अज्ञात रहेको तथा भौतिक संरचनाहरुमा ठूलो क्षति भएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस कम्पनीद्धारा रसुवा जिल्लामा निर्माण गरिएको १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत आयोजनाको श्रोतनदी भोटेकोशीमा यहि मिति २०८३ साल भदौ १० गते बुधबार आएको प्रलयकारी बाढीका कारण यस कम्पनीका संचालक श्री सुनौं औंदी तमाङ सहित कम्पनीको नियमित करारसेवा तर्फ कार्यरत कर्मचारी ५० जना, दैनिक ज्यालादारी तर्फ कार्यरत कर्मचारी २ जना, विभिन्न ठेकेदार कम्पनी मार्फत कार्यरत कर्मचारी ३९ जना गरी जम्मा ९२ जनाको अवस्था हालका मितिसम्ममा पनि अज्ञात रहेको र कम्पनीका १ जना कर्मचारीको शव पहिचान भएको घटनाले कम्पनीलाई मर्माहित बनाएको छ । कम्पनीका संचालक लगायत सम्पर्क विहिन हुनुभएका सम्पूर्ण कर्मचारीहरुको खोजी तथा उद्दार नेपाली सेना मार्फत हालका दिनमा पनि जारी रहेको व्यहोरा अनुरोध छ ।

त्यसैगरी, उक्त प्रलयकारी बाढीका कारण आयोजनाको बाँधस्थल, साइट कार्यालय तथा कर्मचारी आवास भवनहरू, पक्की पुल लगायत सम्पूर्ण पहुँच मार्गहरु, सबै प्रकारका सवारी साधनहरू तथा हेभी इक्युपमेण्टहरु लगायतमा पूर्ण क्षति पुगेको छ । भूमिगत विद्युतगृह मलवा (Debris) ले भरिएको तथा प्रशारण लाइन अन्तर्गत ३ वटा टावरमा पूर्ण क्षति भएको प्रारम्भिक विवरण प्राप्त भएको छ भने सोको विस्तृत विवरण संकलन कार्य जारी रहेको छ । क्षति भएका उल्लेखित भौतिक संरचनाहरु, मेसिन उपकरणहरु तथा सवारी साधनहरुको बीमा क्षति हुँदाका बखत चालु अवस्थामा रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

.............................
**नरनाथ न्यौपाने**
**कम्पनी-सचिव**

रसुवागढी हाइड्रोपावर कं.लि.
RASUWAGADHI HYDROPOWER CO. LTD.
2011 A.D.

**<u>बोधार्थ</u>**
**संस्थापक शेयरधनी श्री चिलिमे जलविद्युत कम्पनी लि.,**
**संस्थापक शेयरधनी श्री नेपाल विद्युत प्राधिकरण,**
**संस्थापक शेयरधनी श्री जिल्ला समन्वय समितिको कार्यालय, रसुवा,**
**संस्थापक शेयरधनी श्री गोसाईंकुण्ड गाउँपालिका, रसुवा,**
**संस्थापक शेयरधनी श्री नौकुण्ड गाउँपालिका, रसुवा,**
**संस्थापक शेयरधनी श्री कालिका गाउँपालिका, रसुवा,**
**संस्थापक शेयरधनी श्री उत्तरगया गाउँपालिका, रसुवा,**
**शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. ।**